**बूढानीलकण्ठ नगरपालिका**

**बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

**खण्ड :३ सङ्ख्या : १ मिति : २०७७।०३।२६**

## भाग-१

## बूढानीलकण्ठ नगरपालिकाको नगर प्रहरी ऐन, २०७७

### प्रस्तावना :-

बूढानीलकण्ठ नगरपालिकाभित्र नगर प्रहरी सेवाको गठन तथा प्रभावकारी ढङ्गले सञ्चालन तथा नियमन गरी स्थानीय तहको सेवा प्रवाह तथा नगरपालिका तथा न्यायीक समितिको निर्णय कार्यान्वयनलाई समेत प्रभावकारी बनाउन बाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उप दफा २(क) ले दिएको अधिकार प्रयोग गरी बूढानीलकण्ठ नगरपालिकाको छैठौं नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भः**

(क) यो ऐनको नाम "बूढानीलकण्ठ नगरपालिकाको नगर प्रहरी ऐन, २०७७" रहेको छ ।

(ख) यो ऐन राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले बूढानीलकण्ठ नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "मुख्य कार्यालय" भन्नाले बूढानीलकण्ठ नगरपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले बूढानीलकण्ठ नगरपालिकाको यस ऐन बमोजिम गठित पद पूर्ति समितिलाई सम्झनुपर्छ ।

(घ) "नगर प्रहरी" भन्नाले बूढानीलकण्ठ नगरपालिकाबाट नियुक्त हुने प्रहरी कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "स्थायी पद" भन्नाले म्याद नतोकिएको नगरपालिकाको सभाद्वारा स्वीकृत स्थायी पदलाई सम्झनुपर्छ ।

(च) "परिवार" भन्नाले नगर प्रहरीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीका `पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु,आमा वा सौतेनी आमा सम्झनुपर्छ र सोशब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु,ससुरालाई समेत जनाउँछ ।

(छ) "भत्ता" भन्नाले बूढानीलकण्ठ नगरपालिकाले तोकिदिए बमोजिमको भत्तालाई सम्झनुपर्छ ।

(ज) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गतेदेखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्छ ।

(झ) "नगरसभा" भन्नाले नगरपालिकाको सभा सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगरपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ठ) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनुपर्छ ।

(ड) "नगर प्रहरी" भन्नाले ऐनको दफा ७ बमोजिम नियुक्ती हुने प्रहरी कर्मचारीलाई सम्झनुपर्छ ।

(ढ) "ऐन" भन्नाले बूढानीलकण्ठ नगरपालिकाको नगर प्रहरी ऐन, २०७७ लाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## नगर प्रहरी सेवा गठन रेख देख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठनः** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरीहरू कर्मचारीहरूको साङ्गठिनक संरचना र दरवन्दी अनुसार हुने छ ।

**४. नगरपालिकामा रहने नगर प्रहरीको पद र तहः**

१) सभाले तोकेको पद र तह रहने छन् ।

२) नगरपालिकाले प्रत्येक पदकोकार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदकोकाम, कर्तव्य, उत्तर दायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

## परिच्छेद -३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

### ५. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः

(१) सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न नगरपालिकामा पेश गर्ने ।

(२) नगर क्षेत्र भित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

(३) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सा पास भए नक्सा पासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड

विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(५) छाडा पशु नियन्त्रण गरी व्यवस्थापन गर्ने, गराउने ।

(६) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तुविक्रि गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन प्रशासन महाशाखामा राय साथ पेश गर्ने ।

(७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरू काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासुबिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(८) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(९) खतरा उत्पन्न हुनेरुख काट्न लगाउने । जोखिम पूर्णघर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्नेर भत्काउन आदेश भए भत्काउने ।

(१०) वडा समिति, टोल सुधार समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(११) नगरकार्यपालिका, समिति, उपसमिति, विभाग तथा आयोजनाहरू बाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(१२) नगरको सुव्यवस्था कायम गर्ने, नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(१३) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता र नवीकरण गर्न लगाउने ।

(१४) बूढानीलकण्ठ नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर,क्रस व्यानर र विज्ञापन कानुनले निषेध गरेको विज्ञापन प्रचार प्रसार, सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(१५) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोन साईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने र नमानेमा जरिवाना गर्न सिफारिस गर्ने ।

(१६) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(१७) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

(१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरूको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि पेश गर्ने ।

(१९) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, जुवा लगायतका विकृती जन्य क्रियाकलापमा रोक लगाउने ।

(२०) बूढानीलकण्ठ नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरूको लगत राख्ने ।

(२१) अरूलाई वाधा पुग्नेगरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२२) शहरमा ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रूपमा वाधा पुग्नेगरी उद्योग धन्दा व्यवसाय सञ्चालनमा रोक लगाउने ।

(२३) नगरपालिका क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्नेफर्म, कम्पनी सञ्चालकहरूको सूची तयार गरी लगत राख्नेर निजहरूको अनुगमन गर्ने ।

(२४) दमकल, एम्बुलेन्स सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउउने ।

(२५) विपद, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(२६) नगरपालिका मातहतका महाशाखा, शाखा, वडा कार्यालय, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत नगरपालिकाले तोके बमोजिमका कार्यहरू गर्ने गराउने ।

(२७) नगरपालिका अन्तर्गत महाशाखा, शाखा, वडा कार्यालय तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(२८) माथि तोकिए बमोजिमका कार्यहरू समन्वय गरी जिम्मेवारी लिई जवाफ देहिता समेत बहन गर्ने ।

(२९) नगरपालिकाले तोकिएका अन्य कार्यहरू गर्ने गराउने ।

## परिच्छेद -४

## तह विभाजन र पदपूर्ति

### ६. स्थायी पद सिर्जना तथा दरबन्दी खारेज :

(१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरूको सिर्जना तथा खारेजी नगर कार्यपालिका तथा नगर सभाले निर्णय गरे वमोजिम हुनेछ ।

(२) सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नुभन्दा अघि सोपद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने, नसक्ने, अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी नगर सभा समक्ष पेश गर्नुपर्नेछ ।

७. नगर प्रहरीहरूको शुरु नियुक्ति हुनेपदहरू: (१) नगर प्रहरीको देहायका पदहरू खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ र अरू पदहरू मा बढुवाद्वारा पूर्ति गरिनेछ ।

क) नगर प्रहरी निरीक्षक

ख) नगर प्रहरी सहायक निरीक्षक

ग) नगर प्रहरी हवल्दार

घ) नगर प्रहरी जवान

ङ) दमकल चाकल

च) नगर प्रहरी सहयोगी

८. नियुक्ति गर्ने अधिकारीः (१) पदपूर्ति समितिको सिफारिसमा नगरपालिकालेनगर प्रहरीको नियुक्ति गर्नेछ ।

९. पदपूर्ति गर्नेतरिकाः (१)नगर प्रहरी निरीक्षक पदमा साठी प्रतिशत र नगर प्रहरी सहायक निरीक्षक पदमा चालिस प्रतिशत खुल्ला प्रतियोगिताद्वारा र बाँकी बढुवाद्धारा पदपूर्ति गरिनेछ ।

२) नगर प्रहरी जवान पद र सहयोगी पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

३) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा३३ ५ महिलाको सहभागी हुने गरी समावेशीको सिद्धान्त बमोजिम पदपूर्ति गरिनेछ ।

४) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१०. पदपूर्ति समिति :(१) नगर प्रहरीको नियुक्ती गर्न देहायबमोजिमको पदपूर्ति समिति रहने छः-

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) नगरभित्र रहेका सुरक्षा निकायको प्रमुख | -सदस्य |
| (ग) स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| (घ) प्रशासकीय अधिकृत | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम नगर प्रहरी नियुक्ती गर्ने सम्बन्धी कार्यविधि अनुसार गरिने छ ।

**११. उम्मेदवारको योग्यता :**

नगर प्रहरी पदको लागि न्युनतम योग्यता देहाय बमोजिम हुने छः-

(क) २१ वर्ष पूरा भई ५० वर्ष ननाघेको ।

(ख) प्रहरी निरीक्षक पदको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरह उणीर्ण वा नेपानी सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरीमा वहाल हुँदाको समयमा निरीक्षक पदमा वा सोभन्दा माथीको पद भएको ।

(ग) प्रहरी निरीक्षक पदको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सोसरह उणीर्ण वा नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरीमा वहाल हुँदाको समयमा सहायक निरीक्षक पदमा वा सोभन्दा माथीको पद भएको ।

(घ) नैतिक पतन देखिने फौजदारी सजाय नपाएको ।

(ङ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(च) प्रचलित कानून बमोजिम शारीरिक रूपमा तन्दुरुस्त रहेको ।

(छ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र लिएको ।

(ज) नेपाली नागरिक ।

**१२. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिस गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

**१३. सूचनाको म्यादः**

पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

**१४. परीक्षणकालमा राखिनेः**

(१) नयाँ नियुक्त गरिएका नगर प्रहरीलाई एक वर्षको परीक्षण कालमा राखिनेछ । सो अवधिमा नगर प्रहरीले सन्तोषजक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप ३ महिना परीक्षण कालमा राख्न सक्नेछ ।

महिला नगर प्रहरीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ । तीन महिना परिक्षणकाल थप गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिनेछ ।

**१५. नियुक्ति सदरः** (१) दफा १४(१) बमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरीको काम सन्तोषजनक भएमा नगर प्रहरी तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथ ग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

## परिच्छेद -५

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

### १६. नगरपालिका प्रशासनको नियन्त्रण रहनेः

नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

### १७. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुनेः

नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्य तया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ ।

**१८. कारबाही गर्दा परामर्श लिनेः** कुनै पनि नगर प्रहरीलाई अनुशासन हिनताको कारबाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद - ७

## बिदा

**१९. बिदा अधिकारको कुरा होइनः** (१) नगर प्रहरीले अधिकारको रूपमा बिदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आफनो तजबिजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) नगर प्रहरीले देहाय बमोजिमका बिदा पाउनेछनः

१) भैपरी आउने र पर्व बिदा

२) घर बिदा

३) बिरामी बिदा

४) किरिया बिदा

५) प्रसुती बिदा

६) प्रसुति स्याहार बिदा

२०. बिदा नलिई घर बस्ने नगर प्रहरीलाई सेवाबाट हटाउनेः

(१) यस ऐनबमोजिम बिदा नलिई नगर प्रहरी गैरहाजिर हुन पाउने छैन ।

(२) गैर हाजिर हुने नगर प्रहरीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर निकास नहुँदै बिदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि बिदाको निवेदन गरी सो बिदा स्वीकृत भएमा यो नियम उल्लङ्घन गरेको मनिने छैन ।

## २१. भैपरी र पर्व बिदाः

(१) नगर प्रहरीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी र पर्व बिदा पाउने छ ।

२) भैपरीरपर्व आउने बिदा साधारण तया एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी र पर्व आउने बिदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) बिदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले बिदाको स्वीकृति लिई रहन नभ्याएमा बिदा बसेपछि स्वीकृत गराए पनि हुनेछ ।

५) भैपरी र पर्व बिदा बसेका नगर प्रहरीहरूले पूरा तलब, भत्ता, राशन पाउनेछ ।

६) भैपरीरपर्व बिदा शनिवार बाहेक अरु बिदाहरूसँग मिलाई लिन पाइने छैन ।

## २२. घर बिदाः

(१) नगर प्रहरीले प्रत्येक सालमा ३० दिन दरले घर बिदा पाउने छ ।

(२) घर बिदा वढीमा एक सय असी दिनसम्म सञ्चित राख्न सकिनेछ ।

(३) नगर प्रहरीलाई बर्षमा एक पटक घर बिदाजाँदा र बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा हिड्नु पर्ने भएमा ७ कोशको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोको लागि जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद दिन सकिनेछ ।

(४) जुनसुकै रुपले सेवाबाट हटने नगर प्रहरीले निजको बढीमा एक सय असी दिनसम्मको घर बिदाबापत

निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलवको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

(५) घर बिदामा बसेको नगर प्रहरीले पूरा तलव,भत्ता र राशन पाउनेछ ।

(६) निलम्बनमा रहेको प्रहरी कर्मचारीले सो अवधिभरको घर बिदा, रासन भत्तार पोशाक सुविधा पाउने छैन ।

(७) करार अवधिभर नगरपालिकाले तोके बमोजिम मात्र हुनेछ ।

**२३.बिरामी बिदाः**

(१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा बिरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्बन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिनबाहेक प्रत्येक नगर प्रहरीले बर्षको १२ दिन तलब, भत्ता र राशन सहित बिरामी बिदा पाउनेछ ।

(२) नगर प्रहरी अशक्त भई संचित बिरामी बिदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की बिदा दिन सकिनेछ ।

(३) प्रहरी कर्मचारीले बिरामी बिदा संचित गर्न सक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजले संचित बिरामी बिदा बापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाई आएको मासिक तलबका दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

तर संचित बिदाको रकम लिन नपाउँदै कुनै नगर प्रहरीको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(४) सात दिनभन्दा बढी अवधिको बिरामी बिदा माग गर्ने नगर प्रहरीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारण तया सम्भव छैन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी बिदा दिन सक्नेछ ।

(५) कुनै ठूलो वा कडा रोग लागी सो कुरो स्वीकृत चिकित्सकले प्रमाणित गरी दिइएको प्रमाणपत्र पेश गरेमा नगर प्रहरीले बढीमा ४५ दिनसम्म थप बिरामी बिदा पाउन सक्नेछ । यस्तो बिरामी बिदा लिने नगर प्रहरीको संचित भइसकेको वा संचित हुने घर बिदाबाट प्रत्येक दुई दिन थप बिरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टा गरिनेछ ।

(६) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न बिरामी बिदा र घर बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी नगर प्रहरीले पछि पाउने बिरामी बिदा र घर बिदाबाट कट्टा हुने गरी पैतालीस दिनसम्म थप बिरामी बिदा पेश्कीको रूपमा लिन सक्नेछ । त्यसरी पेश्की बिरामी बिदा लिई बसेको नगर प्रहरीले पुरा तलव,भत्ता र राशन पाउनेछ ।

(७) उपदफा (५) बमोजिम लिएको बिदाले नपुग भई थप बिदा लिनु परेमा नेपाल सरकारले तोकेको मेडिकल वोर्डको सिफारिसमा नगर प्रहरीले असाधारण बिदा लिन सक्नेछ ।

(८) उपदफा (५) बमोजिम पेश्की बिरामी बिदा लिने नगर प्रहरीको मृत्यु भएमा त्यसरी पेश्की लिएको बिरामी बिदा स्वतः मिनाहा हुनेछ ।

(९) निलम्वनमा रहेको नगर प्रहरीले सो अवधिभरको बिरामी बिदा पाउने छैन ।

(१०) करार अवधिभर नगरपालिकाले तोके बमोजिम मात्र हुनेछ ।

## २४. किरिया बिदाः

(१) नगर प्रहरी आफैं किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया बिदा पाउनेछ । यस्तो बिदा महिला नगर प्रहरीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिइने छ ।

(२) यस्तो किरिया बिदा बस्ने नगर प्रहरीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

## २५. प्रसूती बिदाः

(१) महिला नगर प्रहरी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८(अन्ठानब्बे) दिन प्रसूती बिदा पाउनेछ ।

(२) प्रसूती बिदा बस्ने महिला नगर प्रहरीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(३) प्रसूती बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

(४) उल्लेख भए अनुसारको बिदाको अभिलेख कर्मचारीको बिदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

## २६. प्रसूती स्याहार बिदाः

(१) प्रसूति स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ ।

(२) नगर प्रहरीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी १५ पन्ध्र

दिन प्रसूति स्याहार बिदा लिन सक्नेछ । यो बिदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

(३) प्रसूति स्याहार बिदामा बस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(४) प्रसूति स्याहार बिदा लिने नगर प्रहरीको बिदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

(५) सुत्केरी स्याहार बिदामा बस्ने नगर प्रहरीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

## २७.बिदा दिने अधिकारः

नगर प्रहरीलाई दिइने सम्पूर्ण विदाहरू प्रमुख प्रशासकीय अधिकृतले स्वृकिति गर्ने छन् ।

## २८. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः

बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरीलाई गयल र तलब कट्टी गरी विभागीय सजायसमेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

## २९. बिदाको अभिलेखः

बिदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरीको बिदाको अभिलेख किताब खडा गरी लगत राख्ने र प्रशासन तथा संगठन विकास विभागलाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनुपर्नेछ ।

## ३०. निकासा लिन नभ्याएमाः

कुनै नगर प्रहरीलाई आवश्यक परी बिदामा नबसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो बिदा स्वीकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरीलाई बिदामा बस्न लिखित आदेश दिई त्यसको सूचना बिदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

### ३१. गयल खाली जनाउने:

कुनै नगर प्रहरी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन तथा संगठन विकास विभागमा पठाई सकेपछि सम्बन्धित नगर प्रहरीले बिदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्बन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो पतिवेदन उपर छानविन र जाँच पडताल गर्दा नगर प्रहरीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्बन्धित अधिकृतले बिदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

### ३२. झुठो कारण देखाएमा सजाय हुने:

कुनै नगर प्रहरीले कुनै झुट्टा कारण देखाई बिरामी बिदा, किरिया बिदा र प्रसूती बिदा लिई बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी विभागीय सजायको भागी हुनेछ ।

## परिच्छेद-८

## आचरण

### ३३. दान उपहार लिन नहुने:

आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृति विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुँदैन ।

### ३४. चन्दा लिन नहुने:

कुनै नगर प्रहरीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**३५. स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुनेः**

नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरीले आफ्नो बसोबासको निमित्त चाहिने बाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुँदैन । नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

३६. सम्पत्तिको विवरण दिनुपर्नेः (१) हाल वहालमा रहेको नगर प्रहरीले यो ऐन लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाको सम्बन्धित शाखामा  देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।

क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण।

ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

ग) उपदफा १ बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

घ) आफनो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

३७. व्यापार व्यवसाय गर्न नहुनेः कुनै पनि नगर प्रहरीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैनः

क) कुनै व्यापार गर्न,

ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

ग) कुनै व्यवसाय चलाउन ।

## ३८. नगरपालिकाको काममा थाहा पाएका कुराहरू प्रकाशन गर्न नहुनेः

नगर प्रहरीले नगरपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुँदैन ।

## ३९. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः

नगर प्रहरीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्छ ।

## ४०. नगरपालिकाको आलोचना गर्न नहुनेः

नगर प्रहरीले नगरपालिकाको नीतिको विरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगर बासीमा खलल पुग्ने गरी रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल आदिमा भाषण, सम्वाद गर्नु हँदैन रलेख रचना प्रकाशन गर्नु हुँदैन ।

## ४१. निर्वाचनमा भाग लिन नहुनेः

नगर प्रहरीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

## ४२. राजनीतिमा भाग लिन नहुने:

नगर प्रहरीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

## ४३. समय पालन र नियमितता:

नगर प्रहरीले ठिक समयमा तथा नियमित रूपमा आफ्नो पालोमा हाजिर हुनुपर्छ र साधारणतया पहिले बिदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

## ४४. अनुशासन र आज्ञापालन:

(१) नगर प्रहरीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्छ ।

(२) नगर प्रहरीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदा रुकतासाथ पालन गर्नुपर्छ ।

(३) नगर प्रहरीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनु पर्नेछ ।

## ४५. नगर प्रहरीले बाहिरी प्रभाव पार्न नहुने:

नगर प्रहरीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

## ४६.कानून विपरीत विवाहमा प्रतिबन्ध:

नगर प्रहरीले बिहावारी सम्बन्धी प्रचलित कानून विपरीत हुनेगरी विवाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद - ९

## सजाय र पुनरावेदन

**४७. सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरीलाई देहायको सजाय गर्न सकिनेछः

क) नसिहत दिने ।

ख) शारीरिक परीश्रम हुने सजाय गर्ने वा नियन्त्रणमा राख्ने ।

ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

घ) तल्लो तहमा घटुवा गर्ने ।

ङ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने ।

च) भविष्यमा स्थानीय निकायमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

### ४८. नसिहत दिने वा प्रतिकूल राय लेख्नेः

नगर प्रहरीले काममा साधारण लापरवाही गरेमा निजलाई नसिहत दिइन सकिनेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

### ४९. तलब वृद्धि वा पदोन्नति रोक्नेः

नगर प्रहरीको काम सन्तोष जनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

### ५०. दर्जा र तलब घटाउनेः

कुनै नगर प्रहरीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोष जनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुट्ठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेकोमा वा गैरहाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

## ५१. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने:

देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा,

ख) राजनीतिमा भाग लिएमा,

ग) बराबर अनुशासन हिनताको काम गरेमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा,

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा,

च) भ्रष्टाचार गरेमा,

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

ज) आचरण सम्वन्धी नियमहरू बराबर उल्लङ्घन गरेमा,

झ) मनासिव कारण नभई वा बिदा नलिई बिदाबसेमा वा गैरहाजिर भएमा ।

**५२. सफाइ पेश गर्ने मौकासम्बन्धी व्यवस्थाः**

(१) नगर प्रहरीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरीहुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रूपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तर भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरीको सम्बन्धमा यस ऐन बमोजिमको रीत पुर्याकउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरीलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछैन ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर

प्रहरी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(४) कुनै नगर प्रहरी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेल सो नगर प्रहरीलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढी हुने छैन । यसरी निलम्बल गर्दा त्यसको कारण र आधार प्रस्ट रूपमा खुलाउनुपर्नेछ ।

५) उपदफा (४) बमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरीलाई निजले पाउने तलब भत्ताको आधा दिइनेछ ।

६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ ।

तर,

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको आधातलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलब वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मिति देखिको बाँकी तलब भत्ता पाउने छैन ।

(ख) कुनैनगर प्रहरी नगरपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरू नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

## **५३. सजायको आदेश दिने:**

जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजलेदिएको स्पष्टिकरण सन्तोषजनक

नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**५४. सेवाको अन्त गर्ने:**

कुनै नगर प्रहरीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यसऐन अपनाउनु पर्नेछैन ।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नभएमा,

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहर्यासएमा,

**५५. पुनरावेदनको कार्यविधि:**

(१) विनियम ५७ अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने नगर प्रहरीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरप्रमुखसमक्ष पेश गर्नुपर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

**५६. नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने:** कुनै नगर प्रहरीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको

मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद - १०

## उपदान

**५७. उपदान :** (१) पाँच वर्ष वा सोभन्दा वढी नोकरी पूरा गरी राजीनामा स्वीकृति गराई सेवाबाट हटेमा वा भविष्यमा स्थानीय निकायको सेवामा सामान्यतया अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछ ।

क) पाँच बर्षदेखि दश बर्षसम्म नोकरी गरेको नगर प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब ।

ख) दश बर्षभन्दा बढी पन्ध्र बर्षसम्म नोकरी गरेको नगर प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब ।

ग) पन्ध्र बर्ष देखि २० बर्षसम्म नोकरी गरेको नगर प्रहरीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी दुई महिनाको तलब ।

घ) बीस बर्षदेखि पच्चिस बर्षसम्म नोकरी गरेको नगर प्रहरीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी तीन महिनाको तलब ।

(२) करार नगर प्रहरीहरूको लागि नगरपालिकाले तोकेबमोजिम अरू कर्मचारी सरह उपदान पाउनेछ ।

## परिच्छेद - ११

## तलब,भत्ता

### ५८. तलब भत्ताः

नगर प्रहरीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलब र राशन भत्ता उपत्यकाको नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोकेअनुसार हुनेछ ।

### ५९. तलब वृद्धिः

देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरीले एक वर्ष सेवा पुरा गरेपछि एकग्रेड वृद्धि पाउनेछ ।

क) परीक्षणकाल,

ख) तलब वृद्धि रोक्का ।

तर नियुक्ति सदर भएपछि नगर प्रहरीहरूको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिने छ ।

### ६०. चाडपर्व खर्चः

आफ्नो धर्म, संस्कृति तथा परम्परा अनुसार मनाइने चावपर्वको लागि प्रत्येक नगर प्रहरीले खाइपाइ आएको एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्चको रूपमा पाउने छ ।

## परिच्छेद - १२

## तालिम

### ६१. तालिमको व्यवस्थाः

नगर प्रहरीलाई कार्यकुशल एवं दक्ष तुल्याउन नगरपालिकाले तोकिए बमोजिमको आवश्यकता अनुसार अन्य तालिमहरू  पनि दिन सकिनेछ ।

## ६२. तालिम सञ्चालन हुने स्थानः

नगरपालिकाले तोकिएको स्थानमा हुनेछ ।

## ६३. तालिमको अवधिः

नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरूको तालिमको अवधि नगरपालिकाले तोकेको पाठयक्रमअःनुसार हुनेछ ।

# परिच्छेद - १३

# पोशाक

## ६४. नगर प्रहरी पोशाकः

(१) नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम पोशाक भत्ता नगर सभाले तोकेबमोजिम हुने छ ।

(३) उपदफा (२) बमोजिमको भत्ता वर्षमा एक पल्टमात्र उपलब्ध गराइने छ ।

# परिच्छेद -१४

# विविध

## ६५. बाधा अड्काउ फुकाऊः

बूढानीलकण्ठ नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरीहरूको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ । यस ऐनको प्रयोगको क्रममा कुनै बाधा अडकाउपरेमा नगर सभाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**६६. प्रचलित कानून बमोजिम हुने:**

यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुने छ ।

**६७. नियम बनाउन सक्ने:**

यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने छ र त्यस्तो नियम बूढानीलकण्ठ नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुने छ ।

**६८. मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने:**

यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने छ ।

**६९. ऐन संशोधन:**

यस ऐनमा आवश्यक संशोधन बूढानीलकण्ठ नगर कार्यपालिकाको नगर सभाले गर्न सक्ने छ ।

आज्ञाले,

बैकुण्ठ प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७७।०३।२६